# ब्रह्मपुरी गाउँपालिका

## स्वंयमसेवक शिक्षक ब्यबस्थापन कार्यबिधि

## २०७९

## ब्रह्मपुरी गाउँपालिकाको कार्यालय

ब्रह्मपुरी, सर्लाही

# स्वंयमसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९

खण्ड: ६ संख्या: २ मिति: २०७९/१०/१९ भाग-१ ए

पहेलो संसोधन मिति :२०८०/२/२८

ब्रह्मपुरी गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## स्वंयमसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी ब्रह्मपुरी गाउँकार्यपालिकाले यो स्वंयमसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९ जारी गरेको छ।

स्वंयमसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९

स्विकृत मिति २०७९/१०/११

ब्रह्मपुरी गाउँपालिका अन्तरगत संचालित सामुदायिक विद्यालयहरुमा शून्य शिक्षक दरवन्दी तथा उच्च शिक्षक विद्यार्थी अनुपातलाई मध्ये नजर गरी अपरिपूर्त शिक्षकको मागलाई पूर्ती गर्न स्वंसेवक शिक्षक छनौटको मापदण्ड निर्धारण, परीक्षा सञ्चालन, नियुक्ति तथा पदस्थापनालाई व्यवस्थित, मर्यादित एवमस्तरीय बनाउन र योग्य एवम् सक्षम जनशक्तिको छनौट गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न स्वयसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९ जारी गरिएको छ ।

## परिच्छेद - १
## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यविधिको नाम स्वयसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९ रहेको छ र यो कार्यविधि कार्यपालिकाले पारित गरेको मिति देखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "पूर्व प्राथमिक विद्यालय" भन्नाले चार वर्ष उमेर पुरा गरेका बालबालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले ब्रह्मपुरी गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको ब्रह्मपुरी गाउँपालिकालाई सम्झनु पर्छ ।

(घ) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुम्बा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(ङ) "छनौट समिति" भन्नाले नियम १८ बमोजिम गठन हुने स्वयसेवक शिक्षक छनौट समितिलाई सम्झनुपर्छ ।

(च) "प्रधानाध्यापक" भन्नाले शिक्षा नियमावली, २०५९ को नियम ९३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

(छ) "प्रमुख" भन्नाले गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(झ) "व्यवस्थापन समिति" भन्नाले संघिय शिक्षा ऐनको दफा १२ बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ञ) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ट) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने विभागलाई सम्झनु पर्छ ।

(ठ) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानून बमोजिम गठन भएको शिक्षकहरुको नियुक्ती सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ ।

(ड) "प्राथमिक स्वंयसेवक शिक्षक" भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्विकृत अनुदान कोटामा नियुक्त भएको प्राथमिक तहमा अध्यापन गर्ने स्वयँसेवक शिक्षक सम्झनुपर्छ ।

(ढ) "निम्न माध्यमिक स्वयसेवक शिक्षक" भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्विकृत अनुदान कोटामा नियुक्त भएको आधारभुत तह कक्षा ६-८ मा अध्यापन गर्ने स्वयसेवक शिक्षक सम्झनुपर्छ ।

(ण) "माध्यमिक स्वंयसेवक शिक्षक" भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्विकृत अनुदान कोटामा नियुक्त भएको माध्यमिक तहमा अध्यापन गर्ने स्वयंसेवक शिक्षक सम्झनुपर्छ ।

(त) "विषय विशेषज्ञ" भन्नाले स्वयंसेवक शिक्षक छनौट परीक्षा सञ्चालनको लागि गाउँपालिकाबाट सूचिकृत भएका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका शिक्षकहरु र शिक्षा शाखा प्रमुख समेत सम्झनुपर्छ ।

(थ) गाउँसभा" भन्नाले संघिय कानून बमोजिम गठन भएको ब्रह्मपुरी गाउँपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

## परिच्छेद २

## दरबन्दी सृजना, योग्यता र छनौट तथा नियुक्ति प्रक्रिया

३. स्वयंसेवक शिक्षकको अनुदान दरबन्दी सृजना गर्न सक्ने :

(१) गाउँसभाबाट स्विकृत कार्यक्रम अनुसार गाउँ कार्यपालिकाले प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका स्वयंसेवक शिक्षकहरुको अनुदान कोटा (दरबन्दी) सृजना गर्न सक्नेछ ।

(२) स्वयंसेवक शिक्षकको कोटा (दरबन्दी) वितरण देहाय बमोजिमका मापदण्डको आधारमा वितरण गरिनेछ ।

(१) शून्य दरबन्दी भएको विद्यालयहरुलाई पहिलो प्राथमिकता दिने

(२) एकजना मात्र शिक्षक दरबन्दी भएको विद्यालयलाई थप गर्ने

(३) विद्यालयमा संचालित कक्षा, तह र विद्यार्थी संख्यालाई आधार लिई थप गर्दै जाने

(४) आधारभुत तह (६ देखि ८) र माध्यमिक तह संचालित विद्यालयहरुको हकमा विषयगत दरबन्दीलाई समेत आधार लिई वितरण गरिनेछ । यस आधारमा शिक्षा समितिले यकीन गरि सिफारिश गर्ने र गाउँ कार्यपालिकाले सिफारिसको आधारमा पारित गर्ने ।

४.. स्वयंसेवक शिक्षकको योग्यता तथा तालिम सम्बन्धि व्यवस्था : नियम ३ बमोजिम सृजना भएका दरबन्दीमा नियुक्त हुने स्वयंसेवक शिक्षकको योग्यता तथा तालिम देहाय बमोजिम हुनेछ : (१) प्राथमिक तह :

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख) नेपाली नागरिकता प्राप्त गरेको,

ग) स्थाई अध्यापन अनुमतिपत्र प्राप्त गरेको

(२) निम्न माध्यमिक तह :

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट परीक्षा दिने विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख) सामाजिक अध्ययन विषयको हकमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,

ग) गणित-विज्ञान विषयको हकमा गणित वा विज्ञान वा स्वास्थ्य विषय लिई प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

घ) नेपाली नागरिकता प्राप्त गरेको।

ङ) स्थाई अध्यापन अनुमतिपत्र प्राप्त गरेको ।

पहिलो संसोधन :यस कार्यविधिको परिच्छेद २ को दफा ४ कोउपदफा २ को ङ मा जुनसुकै कुरा लेखिएको भएता पनि गणित/विज्ञान विषयको हकमा स्थाई अध्यापन अनुमतिपत्र प्राप्त नगरेको भए पनि हुने ।

(३) माध्यमिक तह :

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट परीक्षा दिने विषयमा स्नातक तह वा सो सरहको

ख) लेखा सामाजिक, लेखा, गणित, नेपाली, विज्ञान, अंग्रेजी, कम्प्युटर अध्यापन विषयको हकमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

ग) स्वास्थ्य शिक्षा, जनसंख्या शिक्षा, स्वास्थ्य जनसंख्या र वातावरण शिक्षा तथा स्वास्थ्य र शारीरिक शिक्षा विषयका लागि स्वास्थ्य शिक्षा,जनसंख्या शिक्षा, स्वास्थ्य जनसंख्या र वातावरण शिक्षा तथा स्वास्थ्य र शारीरिक शिक्षा विषयमध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

घ) नेपाली नागरिकता प्राप्त गरेको,

ङ)स्थाई अध्यापन अनुमतिपत्र प्राप्त गरेको ।

पहिलो संसोधन :यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा ३ को ङ मा जुनसुकै कुरा लेखिएको भएता पनि विज्ञान र लेखा विषयको हकमा स्थाई अध्यापन अनुमतिपत्र प्राप्त नगरेको भए पनि हुने ।

५. उम्मेदवारको लागि अयोग्यता : देहायका व्यक्तिहरू स्वयंसेवक शिक्षक अनुदान पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्ने छैनन :

(क) गैर नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर नपुगेको,

(ग) ४० वर्ष उमेर पूरा भएको,

(घ) मगज बिग्रेको,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको, भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

(च) अध्यापन अनुमति पत्र नलिएको,

(छ) तालिम नलिएको,

(ज) खण्ड "ग" मा जुनसुकै कुरा उल्लेख भए तापनि यस पालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुका लागि उमेरको हद लाग्ने छैन ।

६. पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रकृया : परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रकृया गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

७. स्वयंसेवक शिक्षकको पदपूर्ति देहाय बमोजिम गरिनेछ :

(१) ब्रह्मपुरी गाउँपालिका कार्यालयले १०० प्रतिशत पदमा तोकिएको योग्यता पुगेका उम्मेदवारहरु बिच खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिनेछ ।

८. स्वयंसेवक शिक्षकको छनौट सम्बन्धि व्यवस्था: स्वयंसेवक शिक्षक छनौट सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ :

१. स्वयंसेवक शिक्षक छनौट गर्न कम्तीमा १५ दिनको म्याद दिई दैनिक पत्रिकामा गाउँपालिकाले सूचना प्रकाशन गर्नेछ ।

२. स्वयंसेवक शिक्षक नियुक्तिका लागि सूचिकृत विषयविज्ञहरुबाट प्रश्नपत्र निर्माण गरी गाउँपालिकाले सुरक्षित र गोप्यता साथ राख्नेछ ।

३. योग्यता पुगेका ईच्छुक उम्मेदवारले तोकिएको ढाँचामा फारम भरी गाउँपालिकामा तोकिएको म्यादभित्र बुझाउनु पर्नेछ ।

४ स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०७९, प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको खुला प्रतियोगितात्मक परीक्षाका लागि निर्धारण गरेको लिखित र मौखिक परीक्षा पद्धति अनुरुप स्वयंसेवक शिक्षकहरुको छनौट हुनेछ ।

५. स्वयंसेवक शिक्षकको परीक्षा एउटा तहको एउटै मिति र स्थानमा संचालन गरिनेछ ।

९. स्वीकृत नामावलीको सूची टाँस गर्नु पर्ने : गाउँपालिकाले दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सबै उम्मेदवारको नामावलीको सूची तयार गरी सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

१०. परीक्षा हुने मिति, समय र केन्द्र : गाउँपालिकाले तोकेको मिति, समय र केन्द्रमा सन्चालन हुनेछ ।

११. परीक्षाको दस्तुर : गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

१२. परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क :

(१) गाउँपालिकाबाट लिइने प्रतियोगात्मक परीक्षाको पूर्णाङ्क देहाय बमोजिम हुनेछ

(क) लिखित परीक्षाको पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ४०

(ख) अन्तरवार्ताकोपूर्णाङ्क २५

१३. सफल उम्मेदवारको सूची प्रकाशन गरिने : (१) लिखित र प्रयोगात्मक परीक्षा लिइएकोमा सो परीक्षा समेतबाट उत्तीर्ण भई सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरू मध्येबाट आवश्यक पद संख्यामा शिक्षक सेवा आयोगले तोके बमोजिमको अनुपातमा उत्तीर्ण उम्मेदवारहरू थप गरी अन्तरवार्ताको लागि उम्मेदवारको नाम वर्णानुक्रम अनुसार प्रकाशन गरिनेछ

१४. अन्तरवार्ता सम्बन्धि व्यवस्था : (१) नियम १३ बमोजिम प्रकाशित सूचनामा उल्लेखित उम्मेदवारको अन्तर्वार्ता लिनको लागि छनौट समितिको संयोजकको अध्यक्षतामा अन्तरवार्ता समिति गठन गर्ने र आवश्यक परेमा समितिको कुनै सदस्यको संयोजकत्वमा तीन सदस्यीय अन्तरवार्ता उपसमिति गठन गर्न सक्नेछ ।

१५. अन्तर्वार्ताको अङ्क : अन्तर्वार्ताको लागि छुट्याइएको पच्चीस अङ्क देहाय बमोजिम दिइनेछ

(क) अनुभव बापत सोही तहको अस्थायी, राहत अनुदान कोटा वा विद्यालयले नियुक्त गरेका नीजिस्रोत अन्तरगतको शिक्षकको रुपमा काम गरे बापत प्रत्येक बर्षको ०.५ अङ्कका दरले बढीमा ४ अङ्क,

(ख) शैक्षिक योग्यता वापत सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणीको भए तीन, द्वितीय श्रेणीको भए दुई र तृतीय श्रेणीको भए एक अङ्को दरलेवढीमा तीन अङ्क,

(ग) अन्तर्वार्ता वापत बढीमा १४ अङ्क, तर अन्तर्वार्ताको अङ्क दिंदा कुनै उम्मेदवारलाई ७० प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम दिनु पर्ने भएमा त्यस्तो नम्बर दिनु पर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ ।

(घ) ब्रह्मपुरी गाउँपालिका अन्तरगतकोस्थायी वासिन्दा भएमा चार अंक

१६. योग्यताक्रम प्रकाशित गर्ने :

(१) लिखित र प्रयोगात्मक परीक्षा लिएको भए सो परीक्षामा सफल भएका उम्मेदवारले अन्तरवार्तामा प्राप्त गरेको अङ्क जोडी सबै परीक्षाबाट सफल भएका उम्मेदवारको नाम नियुक्तिको लागि सिफारिस सहित योग्यताक्रम प्रकाशित गर्नु पर्नेछ । त्यसरी सिफारिस गर्दा उपलब्ध भएसम्म रिक्त पद संख्याको दश प्रतिशतले हुने संख्या उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्नु पर्नेछ ।

(२) एक भन्दा बढी तहमा सफल हुने उम्मेदवारलाई माथिल्लो तहको लागि मात्र सिफारिस गरिनेछ ।

१७. नियुक्ति दिने : सिफारिस गरिएको उम्मेदवारलाई नगरकार्यपालिकाको शिक्षा शाखाबाट नियुक्तिको लागि सार्वजनिक सुचना प्रकाशित गरेको मितिले सात दिनभित्र नियुक्ति लिनु पर्नेछ । कुनै मूल उम्मेदवारले नियुक्ति नलिएमा, वैकल्पिक उम्मेदवारलाई नियुक्त गरिने छ ।

१८. स्वयंसेवक शिक्षक छनौट समिति : स्वयंसेवक शिक्षक नियुक्तिको लागि सिफारिस गर्न गाउँपालिकामा देहाय बमोजिमको एक छनौट समिति रहनेछ :

क) शिक्षा शाखा प्रमुख - संयोजक

ख) गाउँ शिक्षा समिति बाट शिक्षासमितिको अध्यक्षले तोकेको सदस्यहरु मध्ये बाट १ जना - सदस्य

ग) विषय विशेषज्ञ ३ जना - सदस्य

१९. छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) दरखास्त फारमहरु दर्ता तथा संकलन गर्ने/गराउने

ख) लिखित परीक्षाका लागि निर्माण गरिएको प्रश्नपत्र गोप्यता कायम राख्ने

ग) लिखित परीक्षा संचालन गर्न आवश्यक परीक्षा केन्द्र र जनशक्तिको व्यवस्था गर्ने

घ) मर्यादित ढंगले लिखित परीक्षा संचालन गर्ने/गराउने

ङ) लिखित परीक्षाको उत्तरपुस्तिका छनौट समितिले तोकेको परीक्षण विधि अनुसार परीक्षण गराउने

च) लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने

छ) अन्तरवार्ताको कार्यक्रम प्रकाशन गर्नेतथा अन्तरवार्ता लिने

ज) लिखित र अन्तरवार्ताको अन्तिम नतिजा प्रकाशन गर्ने

झ) नियुक्तिका लागि सिफारिस गर्ने

ञ) छनौट प्रकियामा कुनै द्विविधा उत्पन्न भएमा शिक्षक सेवा आयोग कार्यविधिको अवलम्बन गर्ने

२०. स्वयंसेवक शिक्षकको पदस्थापना: उम्मेदवारको नियुक्ति सिफारिसको योग्यताक्रम, अनुभव, शैक्षिक योग्यता, विद्यालयको आवश्यकता तथा विशिष्टताका आधारमा तोकिएको कार्य क्षेत्रमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम स्वयंसेवक शिक्षकको पदस्थापना गरिनेछ ।

२१. प्रोत्साहन भत्ता उपलब्ध गराईने :

(१) ब्रह्मपुरी गाउँसभाले विनियोजन गरेको स्वयंसेवक शिक्षक अनुदान शिर्षकको अधिनमा रही गाउँकार्यपालिकाको निर्णयानुसार पदस्थापना गरिएको स्वयंसेवक शिक्षकहरुको लागि प्रोत्साहन भत्ता विद्यालयमा अनुदान स्वरुप उपलब्ध गराइनेछ र विद्यालयले सो रकमबाट स्वयंसेवक शिक्षकको प्रोत्साहन भत्ता बाहेक अन्य क्षेत्रमा खर्च गर्न पाउने छैन ।

(२) स्वयंसेवक शिक्षकको प्रोत्साहन भत्ता बापत प्रा.वि. तहको लागि मासिक रुपमा रु १७०००,नि.मा.वि.तहको लागि रु २०००० र मा.वि. तहको लागि रु २५००० उपलब्ध गराईने छ ।

२२. धार्मिक तथा पूर्व प्राथमिक विद्यालयलाई कार्यपालिकाले तोके बमोजिम शिक्षण सहयोग अनुदान एकमुष्ठ उपलब्ध गराइन सकिनेछ ।

## परिच्छेद ३

## विविध

२३. स्वयंसेवक शिक्षक अनुदान थपघट वा खारेज गर्न सकिने : संघिय सरकार तथा प्रदेश सरकारबाट शिक्षक दरबन्दी प्राप्त भएमा वा विद्यालयमा पर्याप्त शिक्षक भएमा शिक्षक विद्यार्थी अनुपातको आधारमा गाउँ कार्यपालिको बैठकले स्वयंसेवक शिक्षक अनुदान थपघट वा खारेज गर्न सक्ने छ ।

२४. प्रचलित कानुन लागू हुने : प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुमा सम्बन्धमा सोही बमोजिम हुनेछ ।

२५. अन्तिम व्याख्या : यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा हुन गएमा गाउँ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

२६. खारेजी :गाउँ कार्य पालाकाले यो कार्यविधि जुनसुकै बखत खारेज गर्न सक्नेछ ।

आज्ञाले,
नामः उपेन्द्र राउत
प्रमुख प्रशासकीय अधिकृत